"कृषि, स्वास्थ्य, शिक्षा र गुणस्तरिय पूर्वाधार : समृद्ध छविसपाथिभेराको आधार"

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## छविसपाथिभेरा गाउँपालिका
## १४ औँ गाउँसभा तथा बजेट अधिवेशन

# वार्षिक नीति तथा कार्यक्रम

## (आर्थिक वर्ष २०८१/०८२)

छबिसपाथिभेरा गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

ब्याँसी, बझाङ

सुदूरपश्चिम प्रदेश,नेपाल

**आदरणीय गाउँका सभा अध्यक्ष ज्यू तथा सदस्यज्यूहरु,**

१४ औं गाउँसभामा उपस्थित गाउँसभा सदस्यज्यूहरु,कर्मचारी मित्रहरु, पत्रकार, सुरक्षाकर्मी एवम यस हलमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा न्यानो अभिवादन व्यक्त गर्दछुँ । सर्वप्रथम नेपालको विभिन्न ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै नेपाली समाजको सकारात्मक रुपान्तरणको क्रममा अग्रपंक्तिमा रहेका नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

छबिसपाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । दुइ बर्षे कार्यकालमा स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत नीतिगत कानुनी प्रशासनिक तथा व्यवस्थापनकीय कार्यसम्पादन गरेको छ । मुलतः यस अवधिमा विगत देखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को शीघ्रातिशीघ्र सम्पन्न गर्ने कुरालाई जोड दिदै थुप्रै नवीन, सृजनात्मक र सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यक्रमको सुरुवात गरिएको छ । गाउँ सभा गाउँकार्यपालिका सचिवालय विभाग र वडास्तरबाट सम्पादन गर्नुपर्ने काम कार्वाहिलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ । गाउँसभा गाउँकार्यपाललिका अन्तरगतका विषयगत समितिहरुको भूमिकालाई थप प्रभावकारी र सक्रिय हुने संस्थागत पद्धतिको विकास गरिएको छ । आवश्यक विषय तथा क्षेत्रगत नीति तथा कानुन तर्जुमा योजना तथा परियोजनाको निर्माण सेवा प्रवाहमा सूचना प्रविधिको उप्रयोग गाउँपालिकाबासीप्रति उत्तरदायी शासकीय पद्धतिलाई आत्मसाथ गर्दै अधिकतम पारदर्शी शासन प्रशासन संचालन गर्ने दिशामा निर्देशित भएका छौं। मूलत: स्थानीय जनताको सार्वभौम अधिकारलाई प्रचलन गराउने तथा चुस्त दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्ने हाम्रो अभिष्ट हो । जनता संग प्रत्यक्ष सम्बन्ध र सम्पर्कमा रहने वडा कार्यालयहरुको क्षमता विकास स्रोत साधनमा बृद्धि र प्रणाली विकास गर्ने नीति अबलम्बन गर्ने कामलाई विशेष प्राथमिकतामा राखेका छौं । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्धमशिलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार बिकास, खानेपानी तथा सरसफाइ, विपद व्यवस्थापन र न्याय निरुपण जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकरी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा ब्यवसायमा आवद्ध महानुभावहरुको सहयोग समन्वय र सहकार्य रहने कुरामा म विश्वस्त रहेको छु ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू तथा सदस्यज्यूहरु,**

**अब,म विगतलाई स्मरण गर्दै चालु आ.व.को क्षेत्रगत प्रगति समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**क. पुर्वाधार विकास**

१. गाउँपालिकाभरिमा खानेपानी निर्माण तथा मर्मत तर्फ जम्मा १५ वटा योजनाहरु सम्पन्न भएका छन् ।

२. सिँचाई कुलो तथा सिंचाई पोखरीहरुको निर्माणतर्फ ११ योजनाहरुको निर्माण कार्य सम्पन्न भएको छ ।

३. गाउँपालिकाका विभिन्न वडाहरुमा अवस्थित ३ वटा मन्दिरहरुको निर्माण तथा मर्मत कार्य सम्पन्न भएको छ ।

४. गाउँपालिकाको विभिन्न वस्तीसम्मको यातायातको पहुँच विस्तारका लागि ५ कि.मि सडकको निर्माण कार्य सम्पन्न भएको छ र गाउँपालिका भित्रका सबै शाखा सडकहरुको स्तरन्नोति गरिएको छ ।

५. विद्युत विस्तारअन्तर्गत वडा नं ३ र वडा नं ४ मा राष्ट्रिय विद्युत प्रसारण लाईनको पहुँच विस्तार गरी संञ्चालनमा ल्याई गाउँपालिकाको केन्द्रमा समेत विस्तार गर्ने काम भईरहेको छ ।

६. भूक्षयीकरण नियन्त्रणका लागि १२०० घन मि. तटबन्धन निर्माणका योजनाहरु सम्पन्न भएका छन् ।

७. वडा नं २ र वडा नं ४ मा वडा कार्यालय भवनहरु सम्पन्न गरिएकका छन् ।

८. विभिन्न बस्तीमा लगभग १५०० मिटर PCC (पिसिसि) बाटो निर्माण सम्पन्न भएको छ ।

९. २ वटा सामुदायिक भवनहरु निर्माण सम्पन्न भएको छ ।

१०. बाढीपहिरोको क्षतिलाइ न्युनीकरण गर्न ग्याबिन जाली तथा RCC Wall निर्माण गरिंएको छ ।

११. १ वटा कृषि उपाज संकलन केन्द्र, १ वटा कोल्ड स्टोर २ वटा सामुदायिक वन घेरवार १ वटा पुल निर्माण ३ वटा बाख्रा तथा बंगुर खोर निर्माण २ वटा कल्भर्ट निर्माण ५ वटा शौचालय १ वटा आफर निर्माण र ७ वटा विद्यालय खेलमैदान तथा घेरवार निर्माणका कार्यहरु सम्पन्न गरिएका छन् ।

१२. गाउँपालिकाभित्रको मुख्य सडक, सबै शाखा सडकहरुको कुल ४७ किलोमिटर सडकको स्तरोन्नति तथा नियमित सफाई गरी दैनिक आवागमनमा सहज भएको छ ।

१३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ९ वटा योजना सम्पन्न भइ ९२ जना कामदारहरुले सय दिनको ज्याला प्राप्त गरेका छन् जसमध्ये खानेपानी मर्मत योजना १ वटा, पिसिसि बाटो निर्माण (१९०० मि.) ४ वटा र बाटो सोलिङ्ग (९०० मि) ४ वटा योजना सम्पन्न भएका छन् । आगामी बर्षको लागि २३०० जना बेरोजगारहरुको नाम सुचिकृत गरिएको छ ।

१४. गाउँपालिकाको वडा नं १ २ ३ ४ र गाउँपालिकामा सञ्चारको क्षेत्रमा पहुँच बढाउनका लागि अप्टिकल फाइबर जडान गरिएको छ ।

**ख. सामाजिक विकास**

१. आधारभूत तह (कक्षा ८) को अन्तिम प्ररीक्षा पालिकास्तरंमा व्यवस्थित र मर्यादित रुपमा संञ्चालन गरी प्रमाणीकरण गर्ने कार्य गरिएको छ ।

२. यस गाउँपालिकाअन्तर्गत संचालनमा रहेको श्री जनप्रिय माध्यमिक विद्यालय बुगाउँमा नमूना विद्यालयको स्वीकृत गुरुयोजनाअनुसारका निर्माण कार्यहरु नियमित सञ्चालनमा रहेका छन् ।

३. मासिक, त्रैमासिक रुपमा जनप्रतिनिधिहरु र शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीहरु सम्मिलित भई विद्यालय अनुगमन तथा सुपरीवेक्षणका कार्यहरु भएका छन् ।

४. गाउँपालिका भरिका विद्यालयहरु एकरुपताका साथ संञ्चालन तथा व्यवस्थापनका लागि शैक्षिक पात्रो २०८१ निर्माण गरी प्रत्येक विद्यालय र शिक्षकको हातहातमा उपलब्ध हुने गरी वितरण गरिएको छ ।

५. सामुदायिक विद्यालयमा अध्ययनरत (कक्षा१-८) सम्पूर्ण छात्राहरु, दलित समुदायका विद्यार्थीहरु, अपाङ्गता भएका विद्यार्थीहरु, विशेष कक्षाका विद्यार्थीहरु र असहाय बालबालिका हरुलाई छात्रवृत्ति वितरणका कार्य सम्पन्न गरिएको छ ।

६. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता नियमित रुपमा सञ्चालन तथा व्यवस्थापन कार्य सुसम्पन्न गरिएको छ ।

७. सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरणको व्यवस्था गरिएको छ ।

८. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन प्रक्रियालाई नियमित गरिएको छ।

९. **"निःशुल्क, समानतामूलक, प्रविधिमैत्री एवम् गुणस्तरीय शिक्षा; सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा "** दुरदृष्टिका साथ दश वर्षे गाउँशिक्षा योजना निर्माण गरिएको छ ।

१०. आधारभूत तह कक्षा (१-८) स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८१ देखि नै कार्यान्वयनमा ल्याइएकोछ ।

११. गाउँ शिक्षा ऐन २०८० अनुसार विद्यालयमा रिक्त दरबन्दिमा करार शिक्षक नियुक्तिको प्रक्रिया पारदर्शी र निश्पक्ष रुपमा संचालन गरिएको ।

१२. विद्यालय पोषण सप्ताह तथा सेनेटरी प्याडको प्रयोग तथा ब्यवस्थापन सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ ।

१३. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि माध्यमिक तहका विद्यार्थिहरुका लागि विद्यालयहरुमा अतिरिक्त कक्षा संचालनमा सहजीकरण गरिएको छ ।

१४. विद्यालयमा भान्साघर सुधारका लागि गाउँपालिका भरिका सम्पूर्ण विद्यालयहरुमा ग्याँस, चुल्हो वितरणकार्य सम्पन्न गरिएको ।

१५. आधारभूत तह (कक्षा६-८) का विद्यार्थीहरुका लागी गाउँपालिका स्तरीय हाजिरी जवाफ प्रतियोगिता संचालन तथा ब्यवस्थापन गरिएको छ ।

१६. संघीय सरकारबाट हस्तान्तरित शिक्षा क्षेत्रका कार्यक्रमहरु कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार पारदर्शी रुपमा कार्यान्वयन गर्ने गरिएको छ ।

१७. प्रविधि मैत्रि विद्यालय निर्माणका लागी विद्यालयहरुमा इन्टरनेट जडान कार्यलाई निरन्तरता दिइएको ।

१८. स्वास्थ्य क्षेत्रमा औषधीको अभावहुन नदिनसाथै उपचारपूर्व रोकथामको विषयमा स्वास्थ्य शिक्षा दिनका लागि हरेक टोलटोलमा स्वास्थ्यकर्मी पुग्ने व्यवस्था गरिएको छ ।

१९. शसर्त अनुदानका कार्यक्रमहरु निरन्तर रुपमा सन्चालन गरिएका छन् ।

२०. कोभिड १९ विरुद्धको खोप लगाउन छुटेका सेवाग्राहरुलाई कोभिड १९ विरुद्धको खोप लगाईएको छ ।

२१. अध्यक्षसंग जेष्ठ नागरिक कार्यक्रम सञ्चालन गरि २४८० जना लाभान्वित भएका छन् ।

२२. गाउँपालिका अन्तर्गतको आयुर्वेदिक शाखामार्फत गरिनेस्वास्थ्य सेवालाई निरन्तरता दिइएको छ।

२३. खानेपानी, सरसफाई तथा स्वच्छताको दिगोपना र सुशासनको क्षेत्रलाई लक्षित गरी गाउँपालिका र योजनास्तरीय क्षमता विकास,तालिम गोष्ठी जस्ता कार्यक्रमहरु गरिएका छन् ।

२४. सुनौला हजार दिनका आमाहरुलाई पोषण सम्बन्धीका जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

२५. गाँउपालिकाअन्तर्गत दिर्घरोगी जस्तैः क्यान्सर मृगौला र पक्षघात भएका १२ जना विरामीहरुलाई निर्वाह भत्ता उपलब्ध गराइएको छ ।

२६. गाँउपालिकाअन्तर्गत रहेका स्वास्थ्य चौकीमा प्रजनन उमेर समूहका महिलाहरुका लागि पाठेघरको क्यान्सर साथै पाठेघर खसेको पत्ता लगाउनको लागि स्क्रिनिङ्ग शिविर संचालन भएको छ ।

२७. गाँउपालिका अन्तर्गतका सबै स्वास्थ्यचौकीहरुमा ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम सञ्चालन गरेको छ ।

२८. स्वास्थ्यकर्मीहरुका लागि क्षमता अभिबृद्धिको लागि गरिने बिभिन्न किसिमका तालिम तथा गोष्ठीहरु संचालन भएका छन् ।

२९. विद्यालयमा अध्ययनरत छात्र छात्राहरुलाइ अर्धबार्षिक र बार्षिक रुपमा जुकाको औषधि वितरण गरिएको र किसोरीहरुलाइ आइरन तथा फोलिक एसिड बितरण र स्वास्थ्य परिक्षण कार्य संञ्चालन गरेको छ ।

३०. घरेलु तथा महिला हिंसालाई न्यूनिकरण गर्न वडा तथा गाउँपालिका स्तरीय वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन् ।

३१. महिनावारी सरसफाइ तथा स्वच्छता व्यवस्थापन र वालविवाह न्यूनिकरण सम्बन्धी विद्यालयस्तरीय जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिएका छन् ।

३२. महिला,दलित, अपाङ्ग तथा पिछडिएका समुदायको न्यायमा पहुँचका लागि विभिन्न क्षमतामूलक कार्यक्रमहरु सञ्चालन गरिएकाछन् ।

३३. गाउँपालिका भित्रका एकल, दलित र द्वन्द पिडित महिलाहरुलाई जिविकोपार्जन सम्बन्धी तालिम सञ्चालन गरिएको छ ।

३४. शारीरिक अपाङ्गता भएका ४२ जनालाई क, ख, ग र घ बर्गको अपाङ्गता परिचय पत्र प्रदान गरिएको छ ।

३५. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित गाराउन सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको बैंकमार्फत् वितरण गर्ने व्यवस्था पूर्ण रुपमा कार्यान्वयन गरिएको छ । साथै अशक्त तथा जेष्ठ नागरिकहरुको समस्यालाई मध्यनजर गरि सबै वडा कार्यालयबाट सामाजिक सरक्षा भत्ता वितरण गर्ने कार्य गरिएको छ ।

३६. गाउँपालिका भित्रका ६५ जना आर्थिक अवस्था कमजोर भइ उपचार गर्न नसकेका तथा दिर्घरोगीहरुलाई आर्थिक सहयोग गरिएको छ ।

## ग. आर्थिक विकास

१. गाउँपालिकाभरिका विभिन्न क्षेत्रको हावापानी प्राविधिक सम्भाव्यताको अध्ययन अवलोकन गरी फलफूल खेतीको सम्भावनार्थ १२०० बोट ओखर, ४०० बोट सुन्तला, २५० बोट आरु, २५० बोट किवि, २५० बोट स्याउ र २५० बोट नासपातीका विरुवा वितरण गरी ५६ जना कृषकहरु लाभान्वित भएका छन् ।

२. कृषिमा अनुदान कार्यक्रमअन्तर्गत २० टन रासायनिक मल ढुवानीमा सहयोग गरी ३५० जना कृषक लाभान्वित भएका छन ।

३. कृषकको क्षमता विकासका लागि पटक पटक समूह छलफल,अनुगमन तथा मूल्याङ्कन गरी सफल कृषकहरुलाई तरकारी तथा फलफूल उत्पादनसम्बन्धी क्षमता विकास तालिमहरु संचालन गरिएको ।

४. गाउँपालिकाभित्रका १०५ जना एकल महिलाहरुलाई तरकारीको विउ वितरण गरी जिविकोपार्जनमा प्रति उन्मुख गरिएको ।

५. गाउँपालिका भित्र ५ वटा नर्सरी स्थापना गरी ती नर्सरीहरुबाट सुन्तला, कागती, अनार, मौसमी, ओखर, किवी लगायतका करिब १८ हजार बिरुवाहरु उत्पादन भई कृषकहरुलाई बितरण गरिएको छ र केही बिरुवाहरु बितरण गर्ने तयारीमा रहेको छ ।

६. गाउँपालिकाभरी बेमौसमी तरकारी खेती गर्न प्लाष्टिक टर्नेल, थोपा सिचाइ लागयतका कृषि सामग्री वितरण गरी २३ वटा प्लाष्टिक घर निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको छ ।

७. आलु बालीको पकेट निरन्तरता कार्यक्रम संञ्चालन गरी २ वटा कृषक समुहका ८७ घरधुरी प्रत्यक्ष लाभान्वित भएका छन् ।

८. यस गाउँपालिकाभित्रका व्यावसायिक कृषक तथा कृषक समूहले उत्पादन गरेको कृषि उपजको बजारीकरण गरी २ वटा कृषक समूहद्वारा आलु बन्दा टमाटर लगाएतका अन्य कृषि जन्य उत्पादन गरी करिब ३२ मेट्रिकटन निर्यात गरेको छ ।

९. विभिन्न बालीनालीमा देखा परेका रोग तथा किराहरुको प्रकोप नियन्त्रण गर्न बिभिन्न जैबिक तथा रासायनिक बिषादीहरु प्रयोग गरी सेवा उपलब्ध गराएको छ ।

१०. यसै चालु आ.व.मा ९ वटा सिँचाइ कुलो तथा पोखरी निर्माण गरी कृषकलाई सिँचाइ सुविधा पुऱ्याइएको छ ।

११. वडा नं ५ थलारामा निर्माण भएको रष्ट्रिक स्टोरलाई सञ्चालनमा ल्याउनका लागि आवश्यक व्यवस्थापन कार्य गरिएको छ ।

१२. ५० प्रतिशत अनुदानमा गोला सहितको ३६ वटा मौरीघार वितरण गरी कृषकहरुलाई मह उत्पादन गरी जिविकोपार्जनमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

१३. च्याउखेती कार्यक्रमबाट छोटो समयमा कृषकको आम्दानीमा सुधार भएको छ ।

१४. यस गाउँपालिका भित्रका कृषि उपज तथा उत्पादनलाई निर्यातमा सहजता ल्याउनका लागि कृषि एम्बुलेन्स खरिद गरि सञ्चालनमा ल्याइएको छ ।

१५. यस चालु आ. व. मा १२०० घरधुरी र गत आ व मा ९०० घरधुरी गरी जम्मा २१०० कृषक घरधुरी किसान सूचीकरण प्रणालीमा सूचिकृत भएका छन् ।

१६. पशुहरुमा लाग्ने बिभिन्न किसिमका रोगहरुको रोकथाम गर्नका लागि१५०० घरधुरीमा घरदैलो औषधी उपचार गरिएको छ ।

१७. ५०० घरधुरीमा रहेका घरपालुवा कुकुरहरुलाई रेबिज बिरुद्धको खोप प्रदान गरिएको छ ।

१८. ५००० वटा बाख्रालाई PPR खोप बाट भ्याक्सिनेशन गरिएको छ ।

१९. गाँउपालिकामा १७ वटा गाईहरुमा कृतिम गर्भाधान गरिएको छ ।

**घ.वन,वातावरणतथा विपद् व्यवस्थापन**

१. छबिसपाथिभेरा गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधि,२०७९ निर्माण गरी कार्यान्वयन गरिएको छ ।

२. विपद् राहत वितरण सम्बन्धी मापदण्ड,२०७९ निर्माण भई सोहीअनुसार राहत वितरण गरिएको छ ।

३. विभिन्न किसिमका विपदबाट पीडित ७५ घरपरिवारलाई राहत वितरण गरिएको छ ।

४. पालिकाभित्रका २ वटा सामुदायिक वनहरुमा घेरबार तथा वृक्षारोपणको कार्यक्रम सम्पन्न गरिएको छ ।

५. भूक्षय तथा पहिरोबाट जोखिम स्थानहरुमा तट्बन्धन तथा वृक्षारोपण कार्य गरिएको छ ।

६. गाउँपालिकाको विपद व्यवस्थापन कोष स्थापना गरिएको छ ।

७. गाउँपालिकाले विभिन्न साझेदारी संघ संस्थाहरुसंग समन्वय गरि करिव २ करोड ५० लाख बराबरको नगद तथा जिन्सी सामग्री राहत स्वरुप भुकम्प पिडितहरुलाई सहयोग गरिएको छ ।

**ङ. सुशासन तथा संस्थागत विकास**

१. सार्वजनिक सेवा प्रवाहमा विद्युतीय प्रविधिको अबलम्बन गरी शीघ्र तथा प्रभावकारी सेवा व्यवस्थापन गरिएको छ ।

२. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि शुसासन सम्बन्धि क्षमता विकास तालिम तथा गोष्ठी संञ्चालन गरिएका छन् ।

३. गाउँपालिकाले ६ वटा कार्यविधि,१ वटा निर्देशिका, २ वटा ऐनहरु तयार गरी कार्यान्वयनमा ल्याएको छ।

४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान मार्फत गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना निर्माण गरी जनशक्ति व्यवस्थापनका लागि सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगमा माग गर्नुका साथै कार्य विवरण तयार गरी कार्यान्वयनमा ल्याएको छ।

५. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरिक राजश्व दायरामा वृद्धि भएको छ।

६. पालिकाको समग्र आर्थिक कारोबार विद्युतीय भुक्तानी प्रणाली (EFT)मार्फत् हुने गरेकोले आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम भई सेवाग्राहीलाई सेवा प्राप्तिमा सहजता भएको छ ।

७. पालिकामा सञ्चालित विकास योजना तथा कार्यक्रमहरुको नियमित सामाजिक परीक्षण तथा अनुगमन गरी थप प्रतिफलमुखी बनाइएको छ ।

८. उपभोक्ताहरुको अधिकतम हितलाई ध्यानमा राखी स्थानीय बजारहरुको अनुगमन गर्ने गरिएको छ ।

९. गाउँपालिकाले स्थानीय संचितकोष व्यवस्थापन प्रणाली अन्तर्गत राजश्व मोडुल कार्यान्वयनलाई निरन्तंरता दिइएको छ ।

१०. नागरिकलाई गाउँपालिकाबाट प्रवाह हुने सेवा सम्न्धी सुसुचित गर्नका लागि डिजिटल नागरिक वढापत्र स्थापना गरिएको छ ।

**आदरणीय गाउँ सभा अध्यक्ष ज्यू तथा सभा सदस्य ज्यूहरु,**

अब,म आ.व.२०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**१.सामाजिकविकास**

सामाजिक विकास चेतना, शिक्षा समावेशि विकास जस्ता कुराहरुलाई पनि प्राथमिकता दिन आवश्यक कुरा भएको महशुस गरी उक्त क्षेत्रको विकासका लागि एथोचित वजेट विनियोजन गरी निम्नानुसारका नितीहरुलाई प्राथमिकता दिइने गरिएको छ ।

**क. शिक्षा युवा तथा खेलकुद**

**निशुल्क, समानतामूलक, प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षा: सुशिक्षित तथा सीपमूलक व्यक्ति र समतामूलक समाज निर्माण गाउँपालिकाको इच्छा"भन्ने दूरदृष्टिका साथ** निम्नांनुसारका नीतिहरु अवलम्बन गरिनेछ :

१. प्रविधिमैत्री एवम गुणस्तरीय शिक्षा प्रवर्द्धनका नवन प्रविधिको प्रयोग गर्न तथा शिक्षालाई प्रविधिसग जोड्न विद्यालयहरुमा इन्टरनेट जडानका लागि पहल गरिनेछ ।

२. प्रारम्भिक बालकक्षामा अध्ययनरत बालबालिकाहरुको शारीरिक, मानसिक, बौद्धिक विकासलाई मध्यनजर गरी विद्यालयहरुमा सुरक्षित बसाई व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन गर्नुका साथै अभिभावकहरुलाई जिम्मेवार बनाउन अभिभावकहरुसँग छलफलका कार्यक्रम संचालन गरिनेछ ।

३. विद्यालय क्षेत्रको समग्र सुधार तथा विकासका लागि यस गाउँपालिकाबाट स्वीकृत गाउँ शिक्षा योजना कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

४. शिक्षक दरबन्दी कम भएका र शुन्य दरबन्दी भएका सामुदायिक विद्यालयहरुको शिक्षण सिकाइ क्रियाकलापमा सहयोग गर्नका लागि स्वयंसेवक शिक्षकको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

५. "स्वच्छ भोजन स्वस्थ जीवन" भन्ने मान्यतालाई स्थापित गर्न दिवा खाजामा जङ्क फुडलाई निरुत्साहित गर्दै विद्यालयमा दिवा खाजाको स्वच्छता नियमन गर्नुका साथै स्थानीय उत्पादनको उपयोगमा जोड दिने र विद्यालय भान्साघर निर्माणका विभिन्न संघ संस्थाहरु संग समन्वय तथा सहकार्यको नीति अवलम्बन गरिने छ ।

६. सामुदायिक विद्यालयमा कार्यरत शैक्षिक जनशक्तिलाई आफ्नो पेशाप्रति जिम्मेवार र उत्तरदायी बनाउन पुरस्कार र सचेत गराउने व्यवस्थालाई प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ ।शैक्षिक उपलब्धिका आधारमा उत्कृष्ठ विद्यालयउत्कृष्ठ शिक्षक र उत्कृष्ट विद्यार्थी छनौट गरी पुरस्कार तथा सम्मानको नीति अवलम्बन गरिने छ।

७. विद्यालयहरुले प्रयोगमा ल्याएका असल अभ्यासका कार्यक्रमहरुलाई एक आपासमा आदानप्रदान गर्न गराउन प्रोत्साहित गरिने छ। साथै शैक्षिक अनुभव आदानप्रदानका लागि अन्तर विद्यालयअवलोकन; भ्रमणका कार्यक्रमहरु संचालन गरी प्रतिस्पर्धी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण सृजना गरिनेछ।

८. संस्थागत विद्यालयहरुको नियमित अनुगमन,निरीक्षण गरी शैक्षिक मापदण्डअनुरुप संञ्चालनमा ल्याइनेछ ।

९. **"मेरो पालिका मेरो पाठ्यक्रम"** का साथ शैक्षिक सत्र २०८१ देखि कार्यान्वयनमा आएको स्थानीय पाठ्यक्रम (कक्षा १ देखि ८) निरन्तर परिमार्जन गरिनेछ ।

१०. विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरि सुविधायूक्त विद्यालय भान्सा घर निर्माण गरिने नीति अवलम्बन गरिनेछ ।

११. **"सुरक्षित विद्यालय सुरक्षित किशोरी कार्यक्रम"** मार्फत माध्यमिक विद्यालयस्तरका विद्यार्थीहरुका लागि किशोरी आत्मरक्षा कार्यक्रम संञ्चालन गरिने छ । साथै किशोरीहरुलाई निःशुल्क सेनेटरी प्याड विद्यालयमा नै उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१२. **"सन्तुलित आहार शैक्षिक गुणस्तर अभिवृद्धिको आधार" भन्ने** आदर्श वाक्यका साथ विद्यालय पोषण कार्यक्रमलाई प्रभाबकारी रुपमा संचालन गर्न बहुक्षेत्रीय पोषण योजनाअन्तर्गतका क्षेत्रगत कार्यक्रमहरुलाई र अन्य संघ संस्थासँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

१३. खेलकुदका माध्यमबाट विद्यार्थीको सर्बाङ्गीण विकासका लागि गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ साथै राष्ट्रपती रनिङ शिल्ड प्रतियोगितामा उपाध्यक्ष कोशेली प्रोत्साहन कार्यक्रम सञ्चालन गरी गाउँपालिका स्तरीय राष्ट्रपती रनिङ शिल्ड खेलकुद प्रतियोगितामा प्रत्यक विधामा उत्कृष्ट हुने बिद्यार्थिहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरिने छ ।

१४. विद्यालयहरुमा विभिन्न खेलको अभ्यासका लागि खेलकुदका सामग्रीहरु वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।

१५. विद्यालयहरु एकरुपताका साथ संचालन तथा व्यवस्थापनका लागि शैक्षिक पात्रो निर्माण गर्ने नीतीलाई निरन्तरता दिइने छ ।

**ख. संस्कृति**

१. गाउँपालिकालाई खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकलाजस्ता symbol हरु निर्माण गरिनेछ ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कलासाहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

३. पालिकाभित्र प्रचलित परम्परागत स्थानीय मेला,पर्व तथा उत्सवहरुको संरक्षण तथा प्रचारप्रसार गरी थप व्यवस्थित गर्ने नीति लाई निरन्तरता दिईने छ ।

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

१. दलित तथा जनजाति समुदायको चौतर्फी विकासको लागि तिनीहरुको परम्परागत पेशा, सिप, कला, दक्षतालाई सुदृढीकरण गर्दै आधुनिकीकरण गर्नुको साथै मुक्त हलिया, भूमिहीन, विपन्न वर्ग, किसानलाई नेपाल सरकारले गरेकोप्रमाणीकरण र वर्गिकरणको आधारमा व्यवस्थित गरि रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा आवद्ध गरिने छ ।

२. गाउँपालिका भित्र रहेका सामाजिक भेदभाव, छुवाछुत सामाजिक कुरिती,अन्धविश्वास, लैङ्गिक तथा जातिय विभेद र हिंसाका घटनाहरु न्यूनिकरणको बहस पैरवी तथा चेतनामूलक अभियान सम्बन्धि कार्यक्रम गाउँपालिका तथा वडास्तरमा समेत सञ्चालन गरिनेछ ।

३. महिला, दलित तथा सम्पूर्ण लक्षित वर्गहरुको सशक्तीकरण तथा क्षमता विकास नीति कार्यान्वयन गरिने छ ।

४. भिन्न क्षमता भएका व्यक्तिहरुलाई आवस्यक सहयोगी सामग्री प्रदान गर्ने साथै आयमुलक सिप प्रदान गरिनेछ ।

५. महिला, दलित तथा पिछडिएका समुदायको न्यायमा पहुँचका लागि स्थानीय न्यायिक संरचनामा सुधार तथा सशक्तीकरणको नीति अवलम्बन गरिनेछ ।

६. असहाय, बालबालिका तथा एकल महिलालाइ संरक्षण तथा आयमूलक कार्यक्रम संञ्चालन गरिनेछ|

७. अपाङ्गता लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

८. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराई सघन रुपमा परिचालन गरिनेछ ।

९. **"हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसाविरुद्ध शून्यसहनशीलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

१०.गाउँपालिका तथावडा स्तरीय बालक्लब संञ्जाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

११.बालविवाह न्यूनिकरण तथा महिनावारी स्च्छता व्यवस्थापन सम्बन्धि विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. विभिन्न समयमा जनयूद्ध जनआन्दोलनमा सहादत प्राप्त गर्नुहुने शहिद परिवारलाई मासिक रु ३०००। प्रोत्सहान भत्ता दिने र घाइते तथा अपाङ्ग व्यक्तिहरुलाई उपचार गर्न आर्थिक सहयोगको नितीलाई निरन्तरता दिइनेछ ।

१३. जेष्ठ नागरिकहरुको हकहित संरक्षण र सम्बर्द्धन तथा सहज सम्मानजनक जिवनयापनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न त्यस सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछन् ।

**घ. स्वास्थ्य**

१. स्वास्थ्य नागरिकहरुको अति संवेदनशील बिषय र मौलिक हक हो ।यसको सुनिश्चितता गर्दै **"म स्वस्थ मेरो गाउँ स्वस्थ"** भन्ने नाराका साथ स्वास्थ्य सेवा सबैको पहुचमा पुऱ्याउने ब्यबस्था मिलाइनेछ ।

२. गाँउपालिका क्षेत्रमा स्थायी रुपमा बसोबास गर्ने सबै जातजातिका विपन्न वर्गका समुदायलाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय स्वास्थ्य संस्थामा कम्तिमा ८ पटक गर्भ जाँच गराई तथा सुरक्षित स्वास्थ्य संस्थामा सुत्केरी गराएमा र ३५ दिन भित्रमा सम्बन्धित वडा कार्यालयमा जन्मदर्ता गराउने आमालाई प्रोत्साहन स्वरुप **उपाध्यक्ष पोषण कार्यक्रम** लाई निरन्तरता दिईने छ ।

३. अध्यक्ष स्वास्थ्य कार्यक्रम अन्तरगत जेष्ठ नागरिक अपाङ्ग, असक्त बालबालिकाको र सुत्केरी आमाको घरघरमा महिनाको एक दिन निशुल्क स्वास्थ्य सेवा प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

४. स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने दरलाई बढाउन प्रति केन्द्रलाई साधन स्रोत सम्पन्न गराउनुका साथै २४ घण्टा सेवा प्रदानको ब्यबस्था गरिनेछ । साथै शुन्य होम डेलिभरी वडा घोषणाको अवधारणालाई अगाडि बढाइनेछ ।

५. गाउँपालिका भित्र सुत्केरी गराउन नसकेका महिलाहरुलाई जिल्ला अस्पताल सम्म निःशुल्क रुपमा पुर्याउने एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

६. **"विषम परिस्थितिमा चिकित्सा शिक्षामा लगानी"** भन्ने नाराका साथ चिकित्सा शास्त्र (MBBS) र स्वास्थ्य परिचालिकाको अध्ययनको लागि प्रवेश परीक्षामा सफल भएका १ जना विद्यार्थीलाई छात्रवृति प्रदान गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७. आयूर्वेदिक विधि तथा औषधि उपचारका बारेमा जनस्तरमा सचेतना लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । यसका साथै योग शिविर प्रशिक्षण आयूर्वेद स्वास्थ्य शिविर सन्चालन गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

८. आवश्यकताका आधारमा बर्थिङ्ग सेन्टरहरु थप गरिनेछन् ।

९. गाउँपालिका अन्तर्गत एक स्थानमा खोप कोल्ड सेन्टर स्थापना गरिनेछ ।

**ङ. खानेपानी तथा सरसफाई**

१. **"स्वच्छ गुणस्तरीय दिगो खानेपानी हाम्रो आवश्यकता, पूर्ण सरसफाईयुक्त गाउँपालिका छबिसपाथिभेराको प्रतिवद्धता"** भन्ने मूल नाराका साथ मुहानदेखि मुखसम्म स्वच्छ पिउने पानीको वातावरण सृजना गर्नको लागि एक घर एक धारा निर्माण कार्यलाई निरन्तरता

दिदै खानेपानी योजनाक्षेत्रहरुलाई पुर्ण सरसफाई क्षेत्र शुनिश्चितता, मर्यादित पहिनाबारी स्वच्छता व्यवस्थापन, तीन तारा विद्यालय स्तरोन्नति जस्ता पर्ण सरसफाईका कार्यहरुलाई निरन्तरता दिई सफा र स्वच्छ समुदायको विकास गर्दै पूर्ण सरसफाई सुनिश्चित विद्यालय र समुदाय घोषणा गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

२. **"योजनाको नियमित मर्मत सम्भार, दीगोपनाको आधार"** भन्ने मूँल मर्मका साथ खानेपानी ,सिचाई ,बहुउपयोगी योजनाहरुको दिगो सञ्चालनका लागि गाउँपालिका स्तरीय मर्मत सम्भार व्यवस्थापन निर्देशिकाको कार्यान्वयन गरि गाउपालिका स्तरीय मर्मत सम्भार कोष स्थापना गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

३. **"खानेपानी योजना हाम्रो हो, नियमित मर्मत सम्भार गर्नु राम्रो हो"** भन्ने अभियानलाई आत्मसाथ गर्दै यस गाउँपालिका भित्र सम्पन्न भएका योजनाहरुको दिगो व्यवस्थापनको लागि योजना मर्मत सम्भार कोषको स्थापना गरी पालिका स्तरिय उपभोक्ता समिति सञ्जाललाई क्रियाशिल गराईने छ ।

४. खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिलाई प्रभावकारी बनाउँदै जलउपयोगको लागि निर्माण गरिएका कानुनहरुको कार्यान्वयन समयानुकूल परिमार्जन गरी नयाँ कानुनहरुको निर्माण गरिनेछ ।

५. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग खानेपानी तथा सरसफाई, जिविकोपार्जन, विपदव्यवस्थापन र जलवायू अनुकुलन सम्बन्धि साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

## २.आर्थिक विकास

यस छविसपाथिभेरा गाउँपालिकामा रहेका कृषकहरुलाई आयआर्जनका क्रियाकलापहरुवाट आत्मनिर्भर बनाइ रोजगार सिर्जना गर्ने कार्यलाई प्राथमिकता दिन आवश्यक भएको देखिएकोले बजार व्यावशाय कृषि पशुपालन फलफुल कुखुरा पालन एवम् पकेट क्षेत्र सीप विकास तालिम उन्नत सहकारी सिचाई र एक गाउँ एक उत्पादनको कार्यक्रम आवश्यक रहेको छ । त्यसैले आर्थिक विकासको लागि आवश्यक पर्ने रकम विनियोजना गर्ने गरी निम्न बमोजिमका नीति अख्तियार गरिएको छ ।

### क.कृषि तथा पशुपन्छी

१. उच्च मूल्यका फलफुल तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा व्यवशायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

२. **"कृषि उत्पादनमा बृद्धि, गाउँपालिकाको समृद्धि"** भन्ने अवधारणा अनुसार कृषि क्षेत्रको आधुनिकीकरण गर्दै उत्पादन तथा उत्पादकत्व बृद्धि गरिनेछ ।

३. प्रमुख बालीहरुको उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनेछ । सिँचाइ, विउबिजन, मलखादको उपलब्धतामा जोड दिइने छ ।

४. एकगाउँ एक उत्पादन कार्यक्रम संञ्चालनको लागि थप सम्भाब्यता अध्ययन गरी कार्यक्रम संचालन गरिने छ । टोल तथा वडालाई पकेट क्षेत्रको रुपमा विकास गरी उत्पादनका कार्यक्रम संञ्चालन गरिनुको साथै यस आ व मा परीक्षण सफल भएका एक टोल एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. आफ्नै गाउँमा कृषि व्यबसाय गरी आत्मनिर्भर हुन चाहने बेरोजगार युवाहरुलाइ युवालक्षित कृषि अनुदान कार्यक्रम संचालन गर्न उत्पादन र मागमा आधारित अनुदान कार्यक्रम संञ्चालन गरी कृषि उपजको उत्पादनमा बृध्दि गरिने छ ।

६. माटोको गुणस्तर वृद्धि गर्न प्राङ्गारिक मलको प्रयोग र बिषादीको प्रयोगलाइ न्यूनीकरण गरी प्रङ्गारिक उत्पादनलाइ जोड दिइनेछ ।

७. **" गोठ र खेतमा प्राविधिक सेवा, उत्पादनमा टेवा"**भन्ने नारालाइ आत्मसाथ गर्दै प्रत्येक किसानको घरखेतमा सेवा प्रदान गर्न कृषि तथा पशु प्राविधकहरुलाइ परिचालन गर्ने नीति अबलम्बन गरिनेछ।

८. विभिन्न सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी कृषि क्षेत्रको बिकासको लागि कार्यक्रम संञ्चालन गरिने नीति लिइनेछ ।

९. "कृषि परिवर्तनको आधार"उन्नत प्रबिधि र पूर्वाधार, नारालाई आत्मसाथ गर्दै कृषिमा यान्त्रिकरण गरि कृषिजन्य बस्तुको ब्यबसायिक उत्पादन गर्न आवश्यक प्रबिधियन्त्र , उपकरणहरु अनुदानमा बितरण गरिने छ । साथै बितरण गरिएका कृषि यन्त्र उपकरणहरुको मर्मत सम्भारका लागि दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले सिपमूलक तालिम संञ्चालन गर्ने ब्यबस्था मिलाइनेछ।

१०. **"घरछेउमा तरकारी,पोषणका लागि करेसाबारी"** भन्ने नारालाइ आत्मसाथ गर्दै यस गाउँपालिका भरि प्रत्येक घरमा करेसाबारी स्थापना गर्न मिनिकिट वितरण कार्यक्रम संञ्चालन गरिनेछ ।

११. यस गाउँपालिकाभित्रका कृषकहरुले फलफूल बगैचा स्थापनाका लागि एकै किसिमका कम्तिमा २०० भन्दामाथिबिरुवा रोप्न चाहने कृषकहरुलाई निःशुल्क बिरुवा उपलब्ध गराइने नीतिलाई निरन्तरता दिईएको छ ।

१२. बर्षेनी भूक्षयबाट हुने खेतियोग्य जमीनको क्षेती न्यूनीकरणका लागी बाँस, डालेघाँस लगाउने कार्यलाई प्रोत्साहन गरिने छ ।

१३. यस गाउँपालिकाभित्र परम्परागत रुपमा मौरीपालन गर्दै आएका कृषकहरुलाई आवश्यक तालिम तथा गोलासहितको आधुनिक घार ५०% अनुदानमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईएको छ । साथै मौरीपालन ब्यबसाय गरिरहेका कृषकहरुलाई तोरी, सूर्यमुखि फुल बालीको बिउ निशुल्क उपलब्ध गराइनेछ । मौरीपालन ब्यवसाय संचालन हुने टोलमा बिषादी प्रयोगमा रोक लगाइनेछ ।

१४. उन्नत बीउबिजन माटो, माटोपरीक्षण र बाली संरक्षण सेवालाई थप प्रभाबकारी रुपमा संञ्चालन गरिनेछ ।

१५. **"हाम्रो उत्पादन हाम्रो स्वाभीमान अभियान"** अन्तर्गत रैथाने बाली ( मार्सी, धान, कोदो, कागुनो, जहुँ, फापर, भाँङ्गो ) को उत्पादन संरक्षण र प्रवर्द्धन गर्दै उत्पादन उपभोग र बजारीकरणलाई जोड दिईने छ ।

१६. विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग समन्वय तथा सहकार्य गरी कृषि क्षेत्रको विकासका लागि कार्यक्रम सञ्चालन गरिने नीति लिईने छ ।

१७. **"उत्पादन साथमा अनुदान हातमा"** कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन ल्याउन उत्पादनमा आधारित अनुदान वितरण गरिनेछ ।

## ख. उद्योग तथा पर्यटन

१. उद्योग व्यवसाय दर्ता, नवीकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ।

२. लगानी मैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।

३. गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पर्यटकिय स्थलको संरक्षण प्रवर्धन तथा प्रचार प्रसार गर्न पहल गरिनेछ।

४. स्थानीय कच्चा पदार्थबाट उत्पादन गर्ने साना उद्योगहरुलाई उत्पादन स्थल सम्म सडक पूर्वाधार तथा विद्युतीकरणको पहुँच पुऱ्याइनेछ।

५. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संञ्चालन गरिनेछ।

६. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक, पदमार्ग जस्ता भौतिक संरचना निर्माण गर्न पहल गरिनेछ।

## ग. सहकारी तथा रोजगार पर्वद्धन

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमन लाई प्रभावकारी तुल्याइने छ।

२. उत्पादन मूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीतिलाई निरन्तरता दिइएको छ।

३. सहकारीहरुको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।

४. "श्रमलाई सम्मान छविसपाथिभेरको अभियान" भन्ने नाराका साथ गाउँपालिकाका विकास निर्माणका आयोजनाहरुमा यस गाउँपालिकाका वेरोजगारको सुचिमा सुचिकृत वेरोजगारहरूलाई काममा अनिवार्य लगाउनु पर्ने निती अवलम्वन गरिनेछ।

५. वेरोजगार यूवा यूवतिहरुका लागि एकिकृत रुपमा रोजगारमुलक शिपमुलक तालिम सञ्चालन गरि दक्ष र सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको पर्वद्धन र विस्तार गर्ने नीतिको अवलम्बन गरिनेछ।

## ३. सुशासन तथा संस्थागत विकास

गाउँकार्यपालिका कार्यालयका कर्मचारी जनप्रतिनिधि नागरिक समाज विकास साझेदार गैरसरकारी संस्थासंगको सहकार्य र समन्वयमा जोड दिइएको र उक्त कार्य सञ्चालनको लागि आवश्यक रकम विनियोजन गरि उक्त कार्य गर्न निम्न निती र कार्यक्रम अख्तियार गरिएको छ।

१. गाउँपालिका भित्र रहेका स्रोतसाधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक, आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश हुनेगरी विद्युतीय स्थानीयतह पार्श्वचित्र तयार गरिनेछ।

२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, वेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवं फछ्यौंट गर्नेकार्यलाई निरन्तरता दिइने छ।

३. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

४. गाउँपालिका सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

५. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचय पत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछन् ।

६. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यकालीन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइनेछ ।

७. गाउँपालिका क्षेत्रभित्रबाट प्रकाशित हुने स्थानीय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ ।

८. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचनामैत्री बनाइनेछ ।

९. न्यायिक समितिको अधिकारक्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।

१०. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु निरन्तरता दिईने छ ।

११. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१२. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्री सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालन लाई थप व्यवस्थित तुल्याइनेछ ।

१३. करको दर सम्भव भए सम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ साथै प्रगतिशील कर प्रणाली अवलम्बन गरी नागरिकहरु बीच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ ।

१४. ढुंगा,गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिका बाटै उत्खनन गरी बिक्री गर्ने विधिलाई निरन्तरता दिईने छ ।

१५. करदाताहरुको अभिलेखीकरण कार्यलाइ व्यवस्थित र सुदृढ गर्दै लगिने छ ।

१६. करको दरमा सामुहिक पुनरावलोकन गरी दायरा फराकिलो बनाई राजश्व परिचालनमा थप प्रभावकारिता ल्याइने छ, आवश्यकता अनुसार अनुगमन तथा संकलन कार्यका लागि टोली गठन गरी परिचालन गरिने छ ।

१७. न्यायिक समितिबाट मुद्दा मामिलाहरुको सुनुवाई, सहजिकरण,फैसला गर्ने कार्य नियमित रुपमा गरिनेछ । न्यायिक समितिका सबै गतिविधिहरुलाई प्रभावकारी रुपमा अभिलेखिकरण गरिनेछ । वडा स्तरमा मेलमिलापकर्ता मार्फत विवाद सहजिकरण गरिनेछ ।

१८. सामुदायिक मेलमिलापकेन्द्रलाई व्यवस्थित बनाउदै सबै वडा कार्यालयहरुमा स्थापना भइ सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरु लाई स्तरोन्नति गरी विवाद निरुपण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

४.वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

विपद रोकथाम तथा न्यूनिकरणका लागि पूर्व तयारी प्रतिकार्य र पूर्नलाभका कार्यक्रमहरु सञ्चालन गर्न स्थानीय विपद कोषमा आवश्यक बजेटको व्यवस्था गरिनेछ। विपद व्यवस्थापनका लागि थप आवश्यक कार्य समेत गरिने भएको छ।

१. "जहाँ बिपद् त्यहाँ छविसपाथिभेरा" को अवधारणालाई आत्मसाथ गर्दै गाउँपालिका विपद् कोष स्थापना गरी सञ्चालनमा ल्याईने छ र बिभिन्न संघ संस्थाहरुसंग समन्वय सहकार्य गरी थप बजेटको लागि पहल गरिनेछ।

२. गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुको दायाँ बायाँ हरियाली एवम् सौन्दर्य बढाउन वृक्षारोपण र संरक्षणका कार्यक्रमहरु अगाडी बढाइनेछ।

३. वैज्ञानिक पद्धतिबाट बनजंगलको संरक्षण तथा सुकेका पानीका मुहानहरु पुर्नजिवित गर्नका लागि प्राकृतिक स्रोत संरक्षण तथा जलाधार व्यवस्थापन कार्यालाई प्राथमिकता दिइनेछ र केहि विशेष क्षेत्रलाई छनौट गरी जलाधार संरक्षण क्षेत्र नमुनाको रुपमा अगाडी बढाइनेछ।

४. स्थानीय तथा वडा स्तरका विपद् जोखिम् समितिहरु मार्फत बिपद् जोखिमका लागि आपतकालिन उद्धार तथा आपतकालिन तालिम सञ्चालन तथा आवश्यक सामग्रीहरुको व्यवस्थापन गरिने छ।

५. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

६. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्वि गर्नुको साथै न्यून हरितग्याँस उत्सर्जनलाई विकास गर्न प्रेरित गर्ने र सोसम्बन्धी अनुभव आदानप्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्वि गरिनेछ।

७. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनीकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

८. पोखरी संरक्षण, पहिरो नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल,जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा बृद्धि गर्न पहल गरिनेछ।

९. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१०. ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई र संवेदनशिल जलाधार क्षेत्रको जमिन अतिक्रमण नियन्त्रण गरिनेछ।

११. भुकम्पीय जोखिम न्यूनीकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१२. **"वातावरण संरक्षण र हरियालि प्रवर्द्धनका लागि सबै संगसंगै"** को सामुहिक भावनाका साथ व्यवसायीक सामाजिक उत्तरदायित्व अन्तर्गत स्वच्छ वातावरण र हरियालि प्रवर्द्धन गर्न नीजि क्षेत्र तथा व्यवसायीक संघ संस्थासंग समन्वय र सहकार्य गरिने छ ।

## ४. भौतिक पूर्वाधार विकास

गाउँपालिकाका प्रमुख पूर्वाधार विकासका लागि आवश्यकता अनुरुप बजेट विनियोजन गरिएको छ । अधुरा आयोजनाको निरन्तरता र नयाँ आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

१. आवधिक योजना,आवास योजना, र बस्ती विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि आवश्यक समपुरक कोष मर्मत सम्भार कोष तथा आकस्मिक मर्मत/निर्माण कोषको व्यवस्थापन गरि पूर्वाधारको स्तर वृद्धिका लागि बजेटको व्यवस्था तथा सडकहरुको स्तरउन्नति गर्दै लगिने नीति लिइनेछ ।

३. गौरवका योजनाहरु मागको लागि संघ तथा प्रदेश मार्फत अनुरोध गरिनेछ र डि पि आर अनुसारको योजनाको कार्यलाई अघि बढाइ दिगो विकासको लक्ष्यलाई अवलम्बन् गरि योजना निर्माणमा विशेष ध्यान दिइनेछ ।

४. गाउँपालिका अन्तर्गत भूक्ष्य नहुने किसिमले सडकका साथै अन्य विकास निर्माणका कार्यमा जोड दिइ वायूइन्जिनिङ्ग गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

५. गाउँपालिका भित्रका विजुली बत्ती नपुगेका गाउँ बस्तीहरुलाई विजुली बत्ती पुर्याउन उच्च प्राथमिकता दिइ आगामी एक बर्ष भित्र गाउँपालिकालाई उज्यालोयूक्त गाउँपालिका घोषणा गरिनेछ ।

६. विषेशतः ठुला पूर्वाधार योजना र गाउँपालिकाका गौरवका योजनाहरु प्रदेश सरकार र संघीय सरकारको आर्थिक सहयोगमा साझेदारी नीति अप्नाइ अगाडी बढाइनेछ ।

७. पूर्वाधार निर्माणका आयोजनाहरु संञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामूलक विकासको आधारको रुपमा रहने, पिछडिएका तथा अविकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजनाबैंक" तयार गरिनेछ। सो योजना बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

८. सबै टोल बस्तीहरुमा मोटरबाटो जोड्न गाउँपालिका सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

९. गाउँपालिका क्षेत्रभित्र बन्ने संस्थागत सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नुपर्ने नीति लिइनेछ । आवासीय भवनमा "एकघर-एकविरुवा" नीतिलाई निरन्तरता दिइनेछ ।

१०.गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

११. प्रभावकारी सम्पति व्यवस्थापनका लागि तयार भएको सफ्टवेयर सम्पति व्यवस्था सूचना प्रणालीको प्रयोगलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ ।

१२. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१३. कृषि,सिँचाई,गरिबी निवारण तथा पर्यटन प्रवर्द्धनसम्बन्धी पूर्वाधारको विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. गाउँलाई गाउँशहर बनाउने योजना तयार गर्नका लागि बिभिन्न ग्रामीण बस्ती विज्ञहरुको सेवा परामर्श सहयोग लिइनेछ ।

अन्त्यमा,

आर्थिक वर्ष २०८१।०८२ को लागि प्रस्तावित नीति कार्यक्रमले **"कृषि,स्वास्थ्य,शिक्षा र गुणस्तरीय पूर्वाधार, समृद्ध छबिसपाथिभेराको आधार"** निर्माण गर्ने हाम्रो सङ्कल्पलाई साकार तुल्याउन सम्बन्धित सबैको महत्वपूर्ण योगदान रहने मेरो विश्वास छ ।

प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्दि भई स्वाधीन, सबल समाज निर्माण गर्न योगदान पुग्नेछ । नागरिकको गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्यमा पहुँच वृद्धिसँगै सेवा प्रवाहमा सारभूत परिवर्तन भई जनतामा स्थानीय सरकार प्रतिको विश्वासमा बढोत्तरी हुने अपेक्षा लिएको छु । छबिसपाथिभेरा गाउँपालिकाले अख्तियार गरेको नीति, कार्यक्रम तथा बजेटको सबल र सार्थक कार्यान्वयनमा सहयोग पुऱ्याउन संघीय र प्रदेश सरकार, विकास साझेदार संघ संस्थाहरु, निजी क्षेत्र, पालिकाका कर्मचारी, आम जनसमुदाय, बुद्धिजीवी, सुरक्षा कर्मी, पत्रकार, बिज्ञ सल्लाहकार समूह, गाउँपालिकाबासी लगायत सम्पूर्णमा सक्रीय सहयोग, सहभागिता तथा उच्च भूमिकाको अपेक्षा गर्दै धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

..............................

**बसन्त बहादुर चलाउने**

**गाउँपालिका अध्यक्ष**